नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

# CCVI फाराम दर्ता सम्बन्धि सूचना !!

## (Committed Workers)

२०७७/०४/१८

कोभिड १९ महामारी बिरुद्द लड्न कोरिया सरकारले बिभिन्न मापदण्ड लागु गर्दै Visa का सम्बन्धमा थप कागजातहरु माग गरेकोले यसै सूचना साथ संलग्न नामावली बमोजिमका Committed ब्यक्तिहरुले CCVI का लागी पेश गर्नु पर्ने देहाय बमोजिमका थप कागजात सहित यस शाखामा CCVI form भरी पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल:-**

**(१) Health Certificate तथा T.B Checkup :-**

कोरोना लक्षण जाँच गरेको Health Certificate ४८ (अठ्चालिस) घण्टा भित्र भिषा निवेदन साथ पेश गर्नु पर्ने भएकोले report प्राप्त हुना साथ यस शाखामा बुझाउनु होला । यसका लागी आफुलाई यस सूचनामा तोकिएको अस्पताल र मितिमा स्वास्थ्य परिक्षण गराउन सकिने ब्यहोरा अनुरोध छ ।Health Certificate सँग **T.B Checkup report** समेत पेश गर्नु पर्नेछ ।स्वास्थ्य परीक्षणको लागी अस्पताल जाँदा राहदानीको प्रतिलिपी तथा ३ प्रति फोटो आवश्यक पर्ने छ । अन्य स्वास्थ्य परिक्षण पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिमको शुल्कमा Paid PCR हुने समेत जानकारी गाराईन्छ ।

**(२) Health Condition Report Form र Consent to Quarantine:-**

यसै सूचनासाथ संलग्न यी दुईवटा form download गरी पढि, बुझि, अनिवार्य आफ्नो **नामथर** लेखी, मिति राखेर सही (Signature) गरी साथै पेश गर्नु पर्नेछ ।Download गरीएको फाराम नकाटीएको प्रष्ट बुझिने हुनु पर्ने छ ।

**(३) Police Report:-**

तीन महिना म्याद नकटेको सक्कल प्रहरी प्रतिवेदन पेश गर्नु पर्नेछ । अनलाईन मार्फत जारी भएको हकमा आधिकारिक सक्कलै छाप भएको हुनुपर्ने छ ।

**(४) Passport:-** सक्कल राहदानीका साथै सो को प्रतिलिपी थान– १(एक) संलग्न गर्नु पर्ने छ ।

**(५) भिषा शुल्क:-** भिषा शुल्क बापतको रु ६०००.०० नेपाल राष्ट्र बैंक, बालुवाटारको खाता नं. १२०१२००००१००५५२४ मा बुझाई सक्कल भौचर पेश गर्नु पर्नेछ ।

**नोट:-** CCVI आई यस शाखामा बुझाउनु पर्ने ब्यक्तिहरुको CCVI form जारी मितिका आधारमा यसरी नै क्रमश: नामावली प्रकाशन गरी लिइने ब्यहोरा अनुरोध छ ।साथै कार्यालयमा आउँदा अनिवार्य रुपमा **Mask** र **पन्जा** लगाई आउन समेत अनुरोध छ ।

**"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔं ।**